# बुढीगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १० प्रकाशन मिति : २०८१।१०।२४

## भाग -२

## बुढीगंगा गाउँपालिका

# अस्पताल साझा-सुलभ फार्मेसी सेवा कार्यविधि, २०८१

# अस्पताल साझा-सुलभ फार्मेसी सेवा निर्देशिका,२०८१

बुढीगंगा पालिका अस्पतालबाट स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत आँफ्नै अस्पताल साँझा-सुलभ फार्मेसी सेवा संचालन गरी विरामी एवम् सेवाग्राहीहरुलाई सुलभ एवम् गुणस्तरीय सेवा पुर्याउन **बुढीगंगा गाउपलिकको जनस्वास्थ्य ऐन २०८० को दफा (२१) को उपदफा (३)** बमोजिम यो निर्देशिका जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम **"बुढीगंगा पालिका** अस्पताल साँझा-सुलभ फार्मेसी सेवा निदेशिका : **२०८१**" रहेको छ।

(२) यो कर्मचारी निदेशिका बुढीगंगा गाँउपालिकामा रहेको यस अस्पतालमा लागु हुनेछ।

(३) यो निर्देशिका तुरन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः बिषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "बुढीगंगा पालिका अस्पताल" भन्नाले नेपाल सरकारबाट स्थानीय सरकार मतहात रहने भनि तोकी आएको बुढीगंगा पालिका अस्पताललाई सम्झनुपर्छ।

(ख) "संचालक समिति भन्नाले जनस्वास्थ्य ऐन २०८० बमोजिमको संचालक समिती" लाई सम्झनुपर्छ।

(ग) गाउँपालिका" भन्नाले बुढीगंगा गाँउपालिका सम्झनु पर्छ।

(घ) "स्थानीय सरकार" भन्नाले बुढीगंगा गाँउकार्यपालिका सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेशको सरकार सम्झनु पर्छ।

(च) "नेपाल सरकार" भन्नाले "संघिय नेपाल सरकार" सम्झनु पर्छ।

(छ) "फार्मेसी सेवा" अस्पतालहरुमा संचालन रहेको र संचालन गरिने औषधि तथा औषधिजन्य सामाग्रीहरु बाट दिईने सेवा सम्झनु पर्दछ।

(ज) "ऐन भन्नाले" भन्नाले बुढीगंगा गाउँपालिकाको जनस्वास्थ्य ऐन, २०८० सम्झनु पर्छ।

(झ) "कार्यविधि" भन्नाले गाउँपालिका अस्पताल स्थापना र संचालन कार्यविधि, २०७९ सम्झनु पर्छ।

(ज) "निदेशिका भन्नाले "बुढीगंगा पालिका अस्पताल साझा-सुलभ फार्मेसी सेवा निर्देशिकाः २०८१" सम्झनु पर्छ।

(झ) “मापदण्ड” भन्नाले स्वास्थ्य सेवा संचालन मापदण्ड, २०७७ सम्झनुपर्छ।

(ञ) “कमिटि” भन्नाले दफा (३) बमोजिम गठन गरिएको “ड्राग एण्ड थेराप्यूटिक कमिटि” सम्झनुपर्छ।

(ट) “अस्पताल फर्मुलरी” भन्नाले अस्पतालमा प्रयोग हुने औषधि तथा औषधिजन्य सामाग्रीहरुको विवरण पुस्तिका सम्झनुपर्छ।

(ठ) “कोष” भन्नाले साँझा-सुलभ फार्मेसी सेवाको आम्दानी-खर्च विवरण राखिने कोष सम्झनुपर्छ।

३. **<u>ड्राग एण्ड थेराप्यूटिक कमिटि</u>:** अस्पतालबाट दिईने फार्मेसी सेवालाई व्यवस्थित एवम् प्रभावकारी रुपमा संचालन गर्नको लागि देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु रहने गरी एक “ड्राग एण्ड थेराप्यूटिक कमिटि” गठन गर्नुपर्नेछः-

(क) अस्पताल प्रशासक वा निजले तोकेको कम्तिमा आठौं तह वा सो सरह चिकित्सक - अध्यक्ष

(ख) चिकित्सकिय विभाग प्रमुख - सदस्य

(ग) अस्पताल संचालक समितिको एक (१) जना महिला र एक (१) जना पुरुष गरी दुई (२) जना प्रतिनिधि–सदस्य

(घ) फार्मेसी विभाग प्रमुख - सचिव

४. **<u>कमिटीको काम, कर्तव्य र अधिकार</u>:** (क) फार्मेसीमा राखिने औषधि तथा औषधिजन्य सामाग्रीहरुको सूची निर्धारण गर्ने।

(ख) आवश्यकता अनुसार औषधि तथा औषधिजन्य सामाग्रीहरुको उत्पादक तथा आपुर्तिकर्ताहरुको योग्यता निर्धारण गर्ने ।

(ग) खरिद सम्बन्धी कार्य प्रचलित कानून अनुसार खरिद गर्ने ,

(घ) खरिद भई आएको औषधि तथा औषधिजन्य सामाग्रीहरुको बिक्रिमूल्य निर्धारण गर्ने। तर, यसरि बिक्रि मूल्य निर्धारण गर्दा अधिकतम खुद्रा मूल्य (**Maximum Retail Price**) भन्दा बढी हुनु हुँदैन।

(ङ) अस्पताल फर्मुलरीको स्वीकृति दिने, परिमार्जन गर्ने वा संशोधन गर्ने।

(च) औषधि सेवन तथा प्रयोगबाट हुनसक्ने वा हुने प्रतिकूल प्रभावको (Adverse Drug Reaction) अनुगमन तथा अध्ययन गर्ने।

(छ) अस्पतालबाट प्रदान गरिने उपचारको सम्बन्धमा स्तरीय उपचार प्रोटोकल (Standard Treatment Protocol) तयार गरी लागू गराउने।

(ज) साँझा-सुलभ फार्मेसी सेवाबाट प्राप्त रकमको आय-व्यय चुस्त-दुरुस्त राख्ने

(झ) फार्मेसी सेवा संचालन संबन्धमा मन्त्रालयबाट प्राप्त निर्देशनहरू कार्यन्वयन गर्ने गराउने।

५) **<u>कमिटिको बैठक सम्बन्धि व्यवस्थाः-</u>**

(क) मिटीको बैठक कम्तिमा प्रत्येक दुई महिनामा बस्नुपर्नेछ।

(ख) बैठक अध्यक्षले बोलाएको मिति र समयमा बस्नेछ।

(ग) कमिटिको बैठक बस्नुभन्दा कम्तिमा पनि अड्चालिस घण्टा अगावै सचिबले सबै सदस्यहरुलाई बैठकको कार्यसूची उपलब्ध गराउनुपर्नेछ।

(घ) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा वरिष्ठ चिकित्सकले गर्नेछ।

(ङ) कमिटिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णय मत दिनेछ।

(च) कमिटिको बैठक सम्बन्धि अन्य कार्यविधि कमिटि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) **<u>फार्मेसी प्रमुखको काम, कर्तब्य र अधिकारः-</u>**

(क) कमिटिको निर्णय कार्यन्वयन गर्ने गराउने।

(ख) कमिटीको बैठकको लागि प्रस्ताब तयार गरी पेश गर्ने ।

(ग) औषधि तथा औषधिजन्य सामाग्रीहरुको सूची तयार गरी पेश गर्ने गराउने र कमिटिबाट अनुमोदन गराउने ।

(घ) फार्मेसी सेवाको समग्र व्यवस्थापन गर्ने।

(ङ) कमिटीले तोकेको अन्य कार्यहरु गर्ने।

(७) **<u>स-शुल्क औषधि सुपथ मूल्यमा वितरण गरिने सम्बन्धि व्यवस्था :-</u>**

(क) स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत वितरण गराईने, नेपाल सरकारबाट निःशुल्क वितरण गरिने तथा अन्य निकायबाट प्रक्रिया अनुसार वितरण गरिने भनि आएको औषधि समेत सुलभ मुल्यमा खरिद गर्न सकिनेछ।

**स्पष्टीकरणः-** १. स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध सेवाग्राहीलाई बिमा अन्तर्गत मोलिकूल अन्तर्गत (Molecule Wise) औषधि निःशुल्क दिईनेछ । यद्यपि आफ्नो इच्छा अनुसार कुनैपनि ब्राण्डको माग भएमा स-शुल्क रुपमा खरिद गर्न बाधा नपर्ने ।

२. नेपाल सरकारबाट निःशुल्क वितरण गर्ने भनि तोकिएको औषधिहरु सरकारी अस्पतालले निःशुल्क उपलब्ध गराउनु पर्नेछ यद्यपि आफ्नो इच्छा अनुसार कुनैपनि ब्राण्डको माग भएमा स-शुल्क रुपमा खरिद गर्न बाधा नपर्ने ।

८. **<u>अस्पतालको कोषः</u>** (१) साझा-सुलभ फार्मेसीको आफ्नै एउटा छुट्टै कोष रहनेछ।

(२) साझा-सुलभ फार्मेसीको कोषमा देहाय वमोजिम रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट अस्पताल संचालनको लागि प्राप्त हुने अनुदान रकम,

(ख) अस्पतालबाट सेवा प्रदान गरे बापत प्राप्त हुने रकम,

(ग) दात्री निकाय वा दाताहरुबाट प्राप्त हुने रकम,

(घ) अन्य श्रोतबाट प्राप्त हुने रकम,

(३) साझा-सुलभ फार्मेसीको काम कारबाहीमा हुने खर्च उपदफा (१) बमोजिमको कोषबाट संचालक समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ। यस्तो रकम खर्च गर्दा नेपाल सरकारको प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित कानुन वमोजिम गर्नु पर्नेछ।

(४) साझा-सुलभ फार्मेसीको खाता संचालक समितिले तोकेको "क" श्रेणीको बैंकमा खोली सञ्चालन गरिनेछ।

(५) साझा-सुलभ फार्मेसीको खाता अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट वा प्रशासक र गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको गाउँ कार्यापालिकाको कार्यालयको लेखा समूहको कर्मचारीको संयुक्त दस्तखतबाट संचालन गरिनेछ।

(६) समितिको कोषमा जम्मा हुन आउने रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्नुपर्नेछ।

(७) विदेशी सरकार, संघसंस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानून वमोजिम अनुमति लिनु पर्नेछ।

(८) अस्पताल समितिको निर्णयबाट अस्पतालले विभिन्न कल्याणकारी कोषहरु संचालन गर्न सक्नेछ।सो को कार्यविधि स्थानीय सरकारद्वारा जारी गरिए वमोजिम हुनेछ।

९. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) साझा-सुलभ फार्मेसीको आय व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा वमोजिम राख्नु पर्नेछ।

(२) कोषको अन्तिम लेखापरीक्षण प्रचलित कानुन वमोजिम आईक्यानमा दर्ता भएको लेखापरीक्षक फर्म वा कम्पनीबाट गराउनु पर्नेछ।

(३) गाउँ कार्यपालिकाको निर्णयले जुनसुकै बखत अस्पतालको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ।

**(१०) <u>सुलभ फार्मेसी सेवा संचालनका लागि आवश्यक जनशक्ति तथा अन्य व्यवस्थाः-</u>**

१. सुलभ फार्मेसी सेवा संचालनका लागि आवश्यक पर्ने जनशक्ति तथा अन्य व्यवस्था “स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७” मा तोकिएको बमोजिम हुनुपर्नेछ।

२. माथि जे सुकै कुरा लेखिएको भएता पनि सुलभ फार्मेसी सेवा संचालनबाट आम्दानीको मुनाफाको चालिस प्रतिशत (४०%) अस्पतालको प्रशासनिक व्यवस्थापनमा हुनेछ, चालीस प्रतिशत (४०%) निम्न तथा अति विपन्न वर्गको निःशुल्क स्वास्थ्य बिमा गरिनेछ, दस प्रतिशत (१०%) सामाजिक कार्यक्रममा र विविध कार्यमा खर्च गरिनेछ र दश प्रतिशत (१०%) सोहि खातामा दाखिला गरिनेछ।

(११) **<u>स्तरीय संचालन कार्यविधि (Standard Operation Procedure)</u>**: (१) कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकूल हुने गरीऔषधि खरिद, भण्डारण औषधिको गुणस्तर कायम गर्ने, ईन्भेन्टरि ब्यवस्थापन लागु तथा लागू तथा मनोदिपक औषधि (नार्कोटिक ड्रग)औषधिहरुको भण्डारण, औषधिको गुज्रिने म्याद, फोहर ब्यवस्थापन, किरा तथा मुसाको नियन्त्रण सम्बन्धमा अस्पतालस्तरीय संचालन कार्यविधि निर्माण गर्नुपर्नेछ सो यो निर्देशिकाको मर्म बाँझिने हुनुहुदैन ।

(२) दफा (१) बमोजिम बनाईएका स्तरीय संचालन कार्यविधि कार्यन्वयन गर्नु फार्मेसी प्रमुखको कर्तब्य हुनेछ।

१२. **<u>नियम हेरफेर बनाउने अधिकारः</u>** जनस्वास्थ्य ऐनको अधिनमा रही यस निर्देशिका कार्यान्वयनको सहजताका लागि संचालक समितिले आवश्यक नियम र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

आज्ञाले,

**संजिव न्यौपाने**

प्रमुख प्रशासकीय अधिकृत